नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

योजना शाखा

फोन ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९

पत्र संख्याः- यो. ०७०।७१

चलानी नं.:- ५८९

मिति :- २०७१।१।१२

**विषय :- आवधिक जिल्ला विकास योजना (PDDP) तर्जुमा गर्ने सम्बन्धमा ।**

श्री स्थानीय विकास अधिकारीज्यू,
जिल्ला विकास समितिको कार्यालय, (७५)

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५ को उपदफा (१) ले प्रत्येक जिल्ला विकास समितिले आफ्नो जिल्लाको विकासको लागि आवधिक र वार्षिक विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था गरे अनुसार त्यस जिल्लाको आवधिक जिल्ला विकास योजना (PDDP) तर्जुमा गर्ने कार्य हुन यो पत्र लेख्ने काम भएको छ । यस सिलसिलामा नेपाल सरकार (माननीय उपप्रधान एवं सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यूकोस्तर) बाट मिति २०७१।१।९ मा देहाय बमोजिम कार्ययोजना र कार्य विवरण (TOR) स्वीकृत भएकाले यसै साथ संलग्न राखी त्यहाँको जानकारी एवं परिपालना व्यवस्थाका लागि पठाएको छु । यो पत्र तथा उल्लेखित कार्ययोजना एवं कार्य विवरण त्यहाँको E:mail ID मा पनि पठाइएको छ र मन्त्रालयको Website समेत राखिएको छ ।

समयमै परामर्शदाताको छनोट गरी सहभागितामूलक पद्धतिबाट आवधिक जिल्ला विकास योजनाको तर्जुमा कार्य अघि बढाउनु हुन अनुरोध गर्दछु । आवधिक जिल्ला विकास योजना तर्जुमाको पूर्व तयारी गोष्ठीमा मन्त्रालयको समेत सहभागिता हुने गरी आवश्यक व्यवस्था एवं समयमै सूचना दिनु हुनेछ । कार्ययोजनामा उल्लेख भए अनुसार विकास साझेदार निकायबाट खर्च व्यहोर्ने जिल्लाको हकमा सम्बन्धित साझेदारसँगको समन्वयमा बजेट व्यवस्थापन गर्नुहुनेछ । LGCDP बाट खर्च व्यहोर्ने गरी तोकिएका जिल्लाको हकमा चालु आ.ब. मा तहाँले खर्च गर्न सक्ने अवास्था हेरी रकम निकासा गरिने व्यहोरा पनि जानकारी गराउदछु । कार्य योजनामा हाल आवधिक जिल्ल विकास योजना वहाल रहेका भनी उल्लेख भएका ९ जिल्लाको हकमा चालु आ.ब.मा तर्जुमा सम्बन्धी कुनै कार्य गर्न नपर्ने व्यहोरा स्पष्ट गर्न चाहान्छु ।

साथै केही जिल्लामा आवधिक जिल्ला विकास योजना तर्जुमा भै रहेको वा सम्पन्न भै सकेको अवस्था भएकाले चालु आ.ब.मा कार्य प्रारम्भ गरेका वा कार्य सम्पन्न गरेकाहरुले उल्लेखित कार्य योजना र कार्यविवरण अनुसार केन्द्रमा प्रमाणीकरण गोष्ठी आयोजना गरेर अन्तिम रुप दिन वा लिखित सहमति प्राप्त गरेर मात्र प्रकाशनको व्यवस्था गर्नु हुन पनि अनुरोध गर्दछु । यस विषयमा थप कुरा स्पष्ट हुन परेमा यस योजना शाखामा सम्पर्क राखी स्पष्ट हुन हुनेछ ।

आशा छ जिल्ला विकास समितिको अगुवाईमा जिल्लाले आवधिक योजनाको सुन्दर दस्तावेज प्राप्त गर्नेछ र त्यसैबाट उत्प्रेरित र निर्देशीत भई जिल्ला स्थित सबै विकास प्रदायक निकायहरुले वार्षिक विकास कार्यक्रमका माध्यमबाट जिल्लाको सम्भावनालाई समृद्धिमा रुपान्तरण गर्नमा महत्वपूर्ण योगदान पुग्नेछ ।

**संलग्न दस्तावेज**

१. आवधिक जिल्ला विकास योजना तर्जुमा कार्ययोजना-२०७०
२. Terms of Reference for Preparaton of PDDP

(रमेश कुमार अधिकारी)
उप-सचिव

**बोधार्थ :**
श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम,
कार्यक्रम समन्वय इकाई, सिंहदरवार ।